**मिति :२०७५/१०/१८ गते नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. अनुमगन समिति सम्बन्धमा ।
२. लागत साझेदारी सम्बन्धमा ।
३. सेवा करार म्याद थप र पारिश्रमिक सम्बन्धमा ।
४. विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा ।
५. कार्यक्रम संचालन सम्बन्धमा ।
६. योजना संशोधन सम्बन्धमा ।
७. राहदानी सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा आ.व.२०७५।७६ मा नगरपालिबाट संचालित योजनाहरुको अनुगमनको लागि देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

१. उपप्रमुख श्री राज कुमार श्रेष्ठ - संयोजक
२. वडा अध्यक्ष श्री विष्णु भक्त पौडेल - सदस्य
३. वडा अध्यक्ष श्री चन्द्रमणि पौडेल - सदस्य
४. कार्यपालिका सदस्य श्री वाल कुमारी उच्चै - सदस्य
५. ईन्जिनियर श्री उत्तम सुवेदी - सदस्य

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकारको वार्षिक कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र निर्माण हुने बाँग्रेबेशी -असीफाँट - वरदान- गौरीगाँउ -फोस्रे सडकको लागि रु ५०,००,०००।- विनियोजन भई आएकोमा उक्त कार्यक्रममा लागत साझेदारीको लागि ३० % ले हुन आउने रकम रु २१,५०,०००।- यस नगरपालिकाको मौज्दात रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा नगर कार्यपालिकाको कार्यालय र अन्र्तगत सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करारको म्याद मिति २०७६ असार मसान्त सम्मका लागि थप गर्ने र तोकिएको कार्यक्रममा रहेका बाहेक सेवा करारमा रहेका कार्यालय सहयोगीहरुको पारिश्रमिक मिति २०७५ फागुन देखि मासिक रु १३,५००।- कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा नगर कार्यपालिकाको प्रशासकीय भवन लगायतका भवनहरु निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्नलाई मौज्दात बाट खर्च गर्ने गरी रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

क) नगर सभाबाट स्वीकृत प्रस्तावित शैक्षिक विकास अनुदान कार्यक्रमको रकम नगरपालिका भित्र संचालित ८ वटा प्रस्तावित माध्यमिक विद्यालयहरु बाट  प्रस्ताव माग गरी वितरण गर्ने निर्णय गरियो ।

ख) नगर सभाबाट स्वीकृत नगर नमूना विद्यालय कार्यक्रम गणेश मालिका मा.वि. वडा नं १० र भैरवकाली मा.वि. वडा नं ४ मा संचालन गर्ने र त्यसको लागि विद्यालयबाट प्रस्ताव माग गर्ने निर्णय गरियो ।

ग) नगर सभाबाट स्वीकृत गरिव तथा असहाय छात्र छात्रालाई नगर प्रमुख पोशाक वितरण कार्यक्रम कार्यान्वयनको लागि नगरपालिका भित्र संचालित १३ वटा मा.वि. बाट गरिब तथा असहाय छात्र छात्राहरुको प्राथमिकताको आधारमा नाम सिफारिस गरी पठाउन जानकारी गराउने निर्णय गरियो ।

घ)  मिति २०७५ फागुन १६ गते देखि २० गतेसम्म इशानेश्वर महादेव मन्दिर करापुटार मध्यनेपाल न.पा.वडा नं ७ मा संचालन हुने धार्मिक महोत्सवको संचालन तथा व्यवस्थापनको कार्य ईशानेश्वर धार्मिक क्षेत्र विकास समितिलाई दिने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा नगरसभाबाट  स्वीकृत योजना क्र.सं. ७८ वडा नं ३ मा उल्लिखित सचेतना भवन निर्माण कार्यक्रम संशोधन गरी सचेतना भवन कम्पाउण्ड निर्माण तथा फर्निचर खरिद कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा नगर प्रमुख श्री रमेश कुमार पाण्डे ज्यूलाई संयुक्त राज्य अमेरिकाबाट Haribol Bhandari, 1728 Bull Elk, Stephen ville Tx, 17401, 5613196356 ले भिजिट भिसामा एक महिनाको लागि संयुक्त  राज्य अमेरिका भ्रमणको निमन्त्रणा गर्नु भएकोले Official Passport उपलब्ध गराईदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।